दफा ४ तथा अनुसूची-१ को भाग-१ संग सम्बन्धित

# स्थानीय राजपत्र

## मनहरी गाउँपालिकाबाट प्रकाशित

खण्ड : ८ संख्या : ०१ स्वीकृत मितिः २०८१/०३/२०

**भाग - १**

## मनहरी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय, रजैया, मकवानपुर

# मनहरी गाउँपालिकाको संस्था दर्ता ऐन, २०८१

# मनहरी गाउँपालिका संस्था दर्ता ऐन, २०८१

स्वीकृत मिति २०८१/०३/२०

प्रमाणित मिति २०८१/०३/२२

**प्रस्तावना:**

सामाजिक, धार्मिक साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरूको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मनहरी गाउँपालिकाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(१) यस ऐनको नाम "संस्था दर्ता ऐन, २०८१" रहेको छ।

(२) यो ऐन मनहरी गाउँपालिकाभर लागु हुनेछ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरूको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र आदि सम्झनु पर्छ र सो शब्दले मैत्री संघ-समेतलाई जनाउँछ।

(ख) "संस्था दर्ता अधिकारी" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(ग) "प्रवन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "गाउँपालिका" भन्नाले मनहरी गाउँपालिकालाई सम्झनु पर्दछ।

(च) "कार्यपालिका" भन्नाले मनहरी गाउँपालिका गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(छ) एक तह माथिको अधिकारी भन्नाले संस्था दर्ता अधिकारीको लागि गाउँपालिका अध्यक्ष सम्झनु पर्दछ।

३. **दर्ता नगरी संस्था खोल्न नहुने :** यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुँदैन।

४. **संस्थाको दर्ता:**

(१) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरूले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित संस्था दर्ता अधिकारी समक्ष निवेदन दिनु पर्नेछ:-

(क) संस्थाको नाम,

(ख) उद्देश्यहरू, कार्यविवरण तथा कार्यक्षेत्र

(ग) प्रबन्ध समितिका सदस्यहरूको नाम, ठेगाना र पेशा, सम्पर्क नम्बर, नागरिकताको प्रतिलिपि

(घ) आर्थिक श्रोत,

(ङ) कार्यालयको ठेगाना।

(च) अन्य अवश्यक विवरण

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय संस्था दर्ता आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ।

(३) संस्था दर्ता अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्को सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो निर्णय उपर तोकिएको अधिकारी समक्ष उजूर गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिमको उजूर प्राप्त भएपछि एक तह माथिको अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिब ठहराएमा सो संस्था दर्ता गर्ने संस्था दर्ता अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि संस्था दर्ता अधिकारीले संस्था दर्ता गरिदिनु पर्नेछ।

(५) यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा, अवधि, नवीकरण र नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ।

५. **संगठित संस्था मानिने :**

(१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ। सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालीस उजुर लाग्नेछ।

६. **संस्थाको सम्पत्ति:**

(१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा दर्ता गर्ने अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी संस्था दर्ता अधिकारीले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा संस्था, संस्थाको कुनै सदस्य वा संसथा दर्ता अधिकारीले प्रचलित कानून बमोजिम मुद्दाको कारबाही चलाउन सक्नेछ।

७. **अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने:** यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भई रहेका संस्थाले पनि यो ऐन बमोजिम दर्ता गराउनु पर्नेछ।

८. **संस्थाको उद्देश्यहरूमा हेरफेर:**

(१) संस्थाको उद्देश्यहरूमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रबन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम असाधारण सभा बोलाउनु पर्नेछ।

(२) असाधारण सभामा उपस्थित भएका जम्मा सदस्य सङ्ख्याको दुई तिहाई सदस्यहरूले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव असाधारण सभाबाट पारित भएको मानिनेछ। तर सो प्रस्ताव लागू गर्न संस्था दर्ता अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ।

९. **हिसाबको विवरण पठाउनु पर्ने:** प्रबन्ध समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक आर्थिक वर्ष समाप्त भएको तिन महिना भित्र संस्था दर्ता अधिकारीकहाँ पठाउनु पर्नेछ।

१०. **लेखा जाँच गर्ने:**

(१) संस्था दर्ता अधिकारीले आवश्यक देखेमा संस्थाको लेखा आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए वापत संस्था दर्ता अधिकारीले लेखा जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाई आफूले निर्धारित गरेको दस्तूर असूल गरी लिन सक्नेछ।

(३) लेखा जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरू वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

(४) लेखा जाँच गर्ने अधिकृतले संस्था दर्ता अधिकारीले तोकिदिएको म्याद भित्र लेखा जाँचको प्रतिवेदन संस्था दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने संस्था दर्ता अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारबाही चलाउन सक्नेछ। तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम हुनेछ।

११. **निर्देशन दिने:** स्थानीय सरकार, प्रदेश सरकार र गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

१२. **दण्ड सजाय:**

(१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका प्रवन्ध समितिका सदस्यहरूलाई संस्था दर्ता अधिकारीले जनही पचास हजार रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ।

(२) दफा ९ बमोजिम हिसाबको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरूलाई संस्था दर्ता अधिकारीले जनही पन्ध्र हजार रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ। तर कुनै सदस्यले दफा ९ उल्लङ्घन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरू वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई संस्था दर्ता अधिकारीले पन्ध्र हजार रुपैयाँसम्म जरीवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम स्थानीय अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारबाही गरेमा वा नेपाल सरकारले दिएको निर्देशन पालन नगरेमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्वन गर्न वा खारेज गर्न सक्नेछ ।

**१३.पुनरावेदन :** दफा १२ बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर पैंतीस दिनभित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ ।

**१४. संस्थाको विघटन र त्यस्को परिणाम :**

(१) संस्थाको विधानबमोजिम कार्य सन्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा तथा सम्पत्ति भने प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व कानुन बमोजिम हुनेछ ।

**१५. नविकरण गर्नुपर्ने:** यस ऐन बमोजिम दर्ता भएको संस्थाको नविकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१६. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले नियम बनाउन सक्नेछ ।

रन्जन कालाखेती

अध्यक्ष

रन्जन कालाखेती अध्यक्ष

मनहरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हँडिया, मकवानपुर बागमती प्रदेश, नेपाल